# स्वास्थ्य नीति २०७८

## सिद्ध कुमाख गाउँपालिका, सल्यान
## कर्णाली प्रदेश
## नेपाल

# पालिका स्तरीय स्वास्थ्य नीति २०७७

**विषय सुचि** **पेज नं.**


| | |
|---|---|
| १.पृष्ठभूमि | ३ |
| २. समिक्षा | ३ |
| २.१ सिद्ध कुमाख गाउपालिकाको संक्षिप्त परिचय | घ |
| २.२ विगतमा गरिएका प्रयासहरु | ३ |
| २.३. विद्यमान स्थिती तथा लक्ष | ४ |
| ३. बिद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसरहरु | ६ |
| ३.१ समस्याहरु : | ६ |
| ३.२ चुनौतीहरु : | ६ |
| ३.३ अवसरहरु : | ७ |
| ४. नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावि सोच, ध्येय, लक्ष्य र उद्देश्यहरु | ७ |
| ४.१ औचित्य : | ७ |
| ४.२ निर्देशक सिद्धान्तहरु : | ७ |
| ४.३ भावी सोच : | ८ |
| ४.४ ध्येय : | ८ |
| ४.५ लक्ष्य : | ८ |
| ४.६ उद्देश्यहरू : | ८ |
| ८. आर्थिक पक्ष | १६ |
| ९. अनुगमन र मूल्यांकन | १६ |
| १०. जोखिम | ज्ञट |
| ११. नीति कार्यान्वयनको कार्ययोजना | १७ |
| १२. खारेजी | १७ |

# स्वास्थ्य नीति २०७८

## १.पृष्ठभूमि

नेपालको संबिधान, २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य सेवा र उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा गाउँपालिका अन्तर्गतका सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुच पुर्याउने र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु स्थानिय सरकारको दायित्व रहेको छ । संघिय संरचना अनुसार स्वास्थ्य सेवा व्यवस्थापनको लागि हाल भएको मानब संसाधन, सिप र दक्षताको उच्चतम उपयोग गरी स्वास्थ्य सेवा जस्तो सम्वेदनशिल क्षेत्रमा बिगतमा हाँसिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप जवाफदेही र मर्यादित बनाई सहज र सर्बसुलभ पहुँचको व्यवस्थापन गर्नु आवश्यक छ। स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गाउँपालिका भित्र गरिब, दुरदराजका नागरिकहरु अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित रहेको अवस्था छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सुचाङ्कमा सुधार ल्याई गाउँपालिकाको समग्र विकासको लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न आवश्यक देखिएको छ ।

गाउँपालिका भित्र मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेख्य सुधार गरी मृत्यु दरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपदको पुर्व तयारी तथा व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्ति, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु गाउँपालिकाको दायित्व भित्र पर्दछ ।

बर्तमान संघीय संरचना अनुसार सबै स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, पालिका स्तरिय अस्पताल निर्माण एवम् संचालन, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा सम्भावित नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिका बासीहरुको स्वास्थ्य प्रबर्धन, संरक्षण, सुधार र पुनर्स्थापन गर्न सिद्ध कुमाख गाउँपालिकाको **स्वास्थ्य नीति, २०७८** तयार गरी लागू गरिएको छ ।

## २. समिक्षा

### २.१ सिद्ध कुमाख गाउपालिकाको संक्षिप्त परिचय

सिद्ध कुमाख गाउँपालिका सल्यान जिल्लाको उत्तर पुर्वमा अवस्थित एक गाँउपालिका हो । यस गाउँपालिकाको पुर्वमा बागचौर नगरपालिका पश्चिममा बनगाड कुपिण्डे नगरपालिका, उत्तरमा कुमाख गाउँपालिका र दक्षिणमा शारदा नगरपालिका रहेको छ। यस गाउँपालिकाका नामाकरण यस भेगकै प्रसिद्ध कुमाख लेक तथा कुमाख लेकको सिर्षस्थानमा रहेको सिद्धबावाको मन्दिरको नामबाट संयोजन गरि राखएको र साविकका बाँफकांडा, सिद्धेश्वरी र चादे करेन्जी गरी ३ वटा गाविसहरु समावेश गरी यस गाउँपालिकाको निर्माण गरिएको हो ।

झण्डै ८९.३६ वर्ग कि.मी. क्षेत्रफल रहेको यस सिद्ध कुमाख गाउँपालिकामा राष्टिय जनगणना २०७८ को अनुसार गाउँपालिकाको कुल जनसंख्या १३१३५ जना रहेको छ भने कुल जनसंख्याको ५२.२४ प्रतिशत महिला र ४७.७६ प्रतिशत पुरुषको जनसंख्या रहेको छ ।

### २.२ विगतमा गरिएका प्रयासहरु

यस सिद्ध कुमाख गाउँपालिकामा मानव सभ्यताको बिकास क्रमसंगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०३१ साल साविकको चाँदे स्वास्थ्य चौकी स्थापना पछि भएको मान्न सकिन्छ

। उत्त स्वास्थ्य चौकीले तत्कालिन अवस्थामा ठुलो क्षेत्रफललाई समेटेर सेवा दिने गरेको थियो। वि.स. २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि.सं २०५० असार २८ गते बाफकाँडा र सिद्धेश्वरी उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो भने हाल २ वटै उपस्वास्थ्य चौकीहरुपनि स्वास्थ्य चौकीमा स्तरोन्नति भएका छन्।

वि.स. २०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाउँबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ। नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ। संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाउँपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने यस मातहतका स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन्। गाउँपालिकाको प्रयासमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा प्रदान गर्न पहल भइराखेको छ यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु तथा सामुदायिक स्वास्थ्य इकाइ क्रमश स्थापना भई सञ्चालनमा आएका छन्।

यस गाउँपालिकामा स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा वित्तीय समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु संचालन भई रहेको छ। आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा उपलब्ध तथ्यहरुमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गर्ने गरेको छ।

**२.३. विद्यमान स्थिती तथा लक्ष**

सल्यान जिल्लाको कुल जनसंख्याको करिब ५.५० प्रतिशत जनसंख्या बसोबास गर्ने यस सिद्ध कुमाख गाउँपालिकाको जनघनत्व १४६ प्रतिवर्ग कि.मि. रहेको छ भने औषत परीवार संख्या ४.५ जना रहेको छ। यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ३ वटा स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य केन्द्र, १ सामुदयिक स्वास्थ्य इकाई, ११ गाँउघर क्लिनिक, १४ खोप क्लिनिक, २७ जना महिला स्वास्थ्य स्वयम्सेविका कार्यरत छन्। गाउँपालिका अर्न्तगत पाँचवटै परिवार नियोजनका साधन बाफकाडा बाहेक स्वास्थ्य संस्थाबाट प्रदान हुन नसकेको तथा ३ वटा स्वास्थ्य संस्थाले सुचिकृत बर्थिङ सेन्टरको रुपमा प्रसुती सेवा उपलब्ध गरिरहेका छन्। आ.व. २०७७।७८ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्याको ८९.२ प्रतिशत जनसंख्याले बहिरंग सेवा लिएका र सो मध्ये ६८.१८ प्रतिशत महिलाहरुले सेवा लिएको देखिन्छ। बहिरंग सेवा लिनेरुको जातिगत रुपमा विश्लेषण गर्दा क्षेत्री तथा ब्रम्हण ७८.१० प्रतिशत, दलित १९.०४ प्रतिशत, जनजाति १.७६ तथा अन्य १.१ प्रतिशतले सेवा लिएको देखिन्छ। यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा २१ जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ। स्वास्थ्य मन्त्रालय व्यवस्थापन महाशाखाबाट दिइएको आ.व. ०७८।७९ को अनुमानित जनसंख्यालाइ आधार मानेर स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा १५२९ जना जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा ११४५ जना जनसंख्यालाई १ जना नर्स हुन आउँछ। यस गाउँपालिकामा कार्यरत जम्मा २१ जना स्वास्थ्यकर्मीहरु मध्ये गाउँपालिकाबाट हाल ७ जना नर्सिंग कर्मचारी ३ जना अ.हे.व. करारमा भर्नागरी स्वस्थ्य सेवा दिई रहेको छ। साथै ६ जना कार्यालय सहयोगीहरु समेत करारमा भर्ना गरी स्वस्थ्य सेवा दिने कार्यमा प्रत्यक्ष सहयोग पुर्‍याइ रहेको छ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ। जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत

आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा केहि बृद्धि भएता पनी गुणस्तरयुक्त प्रसुति सेवाको अझै अभाव रहेको छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन । यस गाउँपालिकामा शत प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी दीगो विकास लक्षको आधारमा सिद्ध कुमाख गाउँपालिकाले लिएको सन् २०२५ सम्म हासिल गर्न देहाय बमोजिम लक्ष्य प्रस्तुत गरिएको छ ।

| सि .नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | सिद्ध कुमाख गाउापालिकाको तथ्याङ्क DHIS-2 | | | **गाउापालिकाको पञ्चबर्षीय लक्ष २०२५** | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | | |
| १ | प्रथम पटक गर्भजााच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | ८०.५ | ७७.४ | ८१.० | | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजांच गराउने महिलाको प्रतिशत | ५८.८ | ६२ | ४८.९ | ४२.८ | ५४.२ | **७०** | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जााच गराउने महिलाको प्रतिशत | ५७.३ | २४ | २.४ | ५.४ | १४.८ | **६०** | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | १८ | १९.१ | १७.२ | ११.८ | **२५** | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९ | २६.१ | २९.८ | ३९.५ | **६०** | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ९३.५ | ७८.९ | १०० | **१००** | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | २५ | ५ | १५ | | | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपाल तथा प्रदेशको उल्लेखनीय सफलता हासिल गरिसकेको अवस्थालाई तुलना गर्दा पालकिाको अवस्था निकै कमजोर देखिएको छ जसको पछाडि यस पालिकामा विभिन्न प्रकारका समस्या तथा चुनौतीहरूको विद्यमान रहेको छ । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ३. बिद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसरहरु

**३.१ समस्याहरु :**

३.१.१ भौगोलिक बिशिष्टता र समतामूलक हिसाबले स्वास्थ्य संस्थाहरुको अपेक्षित रुपमा व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुरयाउन कठिनाइ ।

३.१.२ अझै पनि महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बिवाह गर्ने र बच्चा जन्माउने गरेकाले मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यूदरमा कमी आउन नसकेको ।

३.१.३ ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्बद्धनका लागि आवश्यक  स्वास्थ्य सेवाको व्यवस्थापन कमजोर रहेको  ।

३.१.४ स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन नसकेको ।

३.१.५ औषधी तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्ती ब्यवस्थापन, उचित भण्डारण र  कोल्डचेनको प्रभावकारी व्यवस्थापनको अभावका कारणले आपुर्ति तथा वितरणमा सहज पहुँच हुन नसकेको ।

३.१.६ नसर्ने खालका रोगहरु जस्तैः क्यान्सर, मुटु, मृगौला, मधुमेह र मानसिक रोगहरुको रोकथाम र नियन्त्रण गर्नमा कठिनाइ ।

३.१.७ केही स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएकोले गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको ।

३.१.८ गुणस्तरीय स्वास्थ्य सेवाको पहुचमा कमि र भौगालिक विकटता एवं छरिएर रहेको वस्तीहरुको कारण सेवा प्राप्त गर्न जान कठीन भएको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसकेको  ।

३.१.९ स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग सहितको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमनको कमि ।

३.१.१० गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता ब्यवस्थित गर्न नसकिएको ।

३.१.११  स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरुलाई आफ्नो भूमिका र जिम्मेवारी प्रति क्रियाशील गराई स्वास्थ्य संस्था स्तरबाट नै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने संयन्त्रको विकास गर्न नसकिएको ।

३.१.१२ गाउँपालिका अर्न्तगत चिकित्सकीय एबम् विशेषज्ञ सेवा प्रदान गर्नका लागी संस्थागत बिकास हुन नसकेको ।

**३.२ चुनौतीहरु :**

३.२.१ निजि क्षेत्रलाइ स्वास्थ्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्दै सार्वजनिक निजि साझेदारीमा सर्वसुलभ स्वास्थ्य सेवाको बिस्तार र स्तरोन्नती गर्नु ।

३.२.२ दूरदराज एबम् आर्थिक रुपले बिपन्न नागरिकहरुमा सर्वसुलभ औषधी उपचार र स्वास्थ्य सेवाको सुनिश्चित गर्नु ।

३.२.४  सिद्ध कुमाख गाउँपालिकाभित्र राज्यले अङ्गीकार गरेको आधारभूत एबम् आकस्मिक  स्वास्थ्य सेवाको पहुँचलाइ प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउनु ।

३.२.५ स्वास्थ्य क्षेत्रमा व्यक्तिगत रुपमा हुने खर्चलाई कम गर्नका लागि नागरिकहरुमा व्यबहार परिवर्तन गर्न र प्रबर्द्धनात्मक एबम् प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा सुधार गर्नु ।

३.२.६ बिद्यमान स्वास्थ्य संस्थाहरु र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवाग्राही मैत्री पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रवाहको पद्धतीको पुर्ण रुपमा स्थापना गर्नु ।

३.२.७ परम्परागत रुपमा अपनाईउदै आएका रुढीवादी विश्वास, मुल्य र मान्यताहरुलाई फड्को मार्दै स्वस्थ सामाजिक अभ्यासमा पूर्ण रुपले रुपान्तरण ल्याउनु ।

३.२.८ आयुर्बेद तथा बैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोगमा ल्याउनु ।

**३.३ अवसरहरु :**

३.३.१ गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।

३.३.२ गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।

३.३.३ राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ।

३.३.४ स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकिकृत सुचना प्रणालीलाइ सुदृढीकरण गर्ने ।

## ४. नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावि सोच, ध्येय, लक्ष्य र उद्देश्यहरु

**४.१ औचित्य :**

गाउँपालिकाबासीहरुको स्वास्थ्य, सरसफाई एबम प्रजनन स्वास्थ्य सम्बन्धिको हकलाई सुनिश्चित गर्न नेपालको संबिधानले स्थानीय तहहरुको लागि प्रदत्त गरेको एकल अधिकार र तीन वटै तहका सरकारहरुको साझा अधिकारको प्रभावकारी एबम् सफल कार्यान्वयन गर्न मार्गनिर्देशीत हुन जरुरी छ । गाउँपालिका भित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र नागरिकहरुमा स्वास्थ्य सेवाको उपयोगितालाई अभिबृद्धी गरी राष्ट्रिय नीति, प्रादेशिक नीति र नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरुलाई आत्मसात गर्दै गाउँपालिकाभित्र स्वास्थ्य सेवा प्रणालीलाई थप सुदृढ र व्यवस्थित गरी जवाफदेही र जन उत्तरदायी संगठनात्मक स्वास्थ्य संरचना निर्माण गर्नका लागि समेत स्वास्थ्य नीतिको आबश्यकता रहेको छ ।

**४.२ निर्देशक सिद्धान्तहरु :**

गाउँबासीको स्वास्थ्य सम्बन्धि संबिधान प्रदत्त हक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नका लागि देहाय बमोजिमको निर्देशक सिद्धान्तहरुको आधारमा यो नीति लागु गरिएको छ ।

४.२.१ आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार ।
४.२.२ समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा ।
४.२.३ सार्वजनिक निजी साझेदारी ।
४.२.४ वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान ।
४.२.५ समानता र जवाफदेहिता, नागरिकको सहभागिता ।

४.२.६ बहुक्षेत्रीय समन्वय र सहकार्य ।

**४.३ भावी सोच :**

गाउँपालिकाका सबै नागरिकहरू स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

**४.४ ध्येय :**

सामाजिक परिचालन तथा साझेदारी प्रवर्द्धन र सहकार्यमा उपलब्ध साधनस्रोतको यथोचित व्यवस्थापन गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चितता गर्ने ।

**४.५ लक्ष्य :**

गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गरी स्वास्थ्य सेवामा समावेशीता र समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

**४.६ उद्देश्यहरू :**

**(क)** गाउँपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

**(ख)** गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

**(ग)** स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाँउ/ नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

**(ङ)** स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ५. नीतिहरुः

सिद्ध कुमाख गाँउपालिकाको विशिष्टिकृत भौगोलिक अवस्था तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाँउपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाँउपालिकाबाट देहायका नीतिहरु अवलम्वन गरिएको छ ।

५.१. सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाँउपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

५.२. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्यसेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।

५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।

५.४. स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.५ सामुदायिक, नीजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ ।

५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाँउपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

५.७ स्थानीय आवश्यकता सम्बोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।

५.९ स्वस्थ र सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।

५.१० स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

५.११ आयूर्वेद तथा बैकल्पीक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ ।

५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन, प्रवर्द्धन र ब्यवस्थापन गरी गाँउपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ ।

५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

५.१६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

५.१७ बिभिन्न सरुवा रोग, किटजन्य रोग एव पशुपन्छीजन्य रोग र निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

५.१८ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहन र नियन्त्रण तथा स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन गरिने छ ।

**प्रमुख रणनीतिहरुः**

**नीति : ५.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाँउपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।**

५.१.१ राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु गाँउपालिकाका सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क सेवा उपलब्ध गराईनेछ ।

५.१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

५.१.३ स्वास्थ्य संस्थाहरुलाई महिला, बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

५.१.४ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।

५.१.५ तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ ।

५.१.६ समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ, संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।

**नीति : ५.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।**

५.२.१ स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग सामनजस्यता हुने गरि स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीनेछ ।

५.२.२ सामाजिक लेखाजोखा, नागरीक बडापत्र, सार्बजनिक सुनुवाई र बिज्ञहरु सहितका जिम्मेवार संयन्त्रको व्यबस्था साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

५.२.३ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्मेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

५.२.४ गैर सरकारी संघ संस्था, दातृ निकायहरु तथा निजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि गाँउपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीने छ ।

**नीति : ५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।**

५.३.१ प्रत्येक स्वास्थ्यसंस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।

५.३.२ स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, बिजुली, इन्टरनेट सेवा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।

५.३.३ स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि गाँउपालिका स्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ ।

५.३.४ सरकारको हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने नीति अनुरुप यस सिद्ध कुमाख गाउँपालिकामा १५ शैयाको अस्पताल भवन निर्माण गरी थप पुर्वाधार सहित तत्काल अस्पताल संञ्चालन गरिने छ ।

**नीति : ५.४. स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

५.४.१ गाँउपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।

५.४.२ गाँउपालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

५.४.३ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु गाँउपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।

५.४.४ गाँउपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

**नीति : ५.५ सरकारी, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ ।**

५.५.१ गाँउपालिका भित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको दर्ता, नविकरण, सञ्चालन अनुमति दिन तथा अनुगमन गर्न निर्देशिका बनाई लागु गरिनेछ ।

५.५.२ स्वास्थ्य कार्यक्रम एवं सेवाहरुको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनको लागि पालिका स्तरमा अनुगमन, मुल्याँकन तथा सुपरिवेक्षण निर्देशिका (MES guideline) तयार गरी लागु गरिने छ ।

**नीति : ५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाँउपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

५.६.१ गाँउपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।

५.६.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी गाँउपालिकावासीको स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोपोन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

५.६.३ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।

५.६.४ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।

५.६.५ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक बाताबरणको सृजना गरीनेछ ।

**नीति : ५.७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

५.७.१ प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।

५.७.२ गाँउपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।

५.७.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।

५.७.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।

५.७.५ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाँउपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निष्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

**नीति : ५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन  स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।**

५.८.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीनेछ ।

५.८.२ स्वास्थ्य सेवालाई गाँउपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

५.८.३ स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

५.८.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

५.८.५ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

५.८.६ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन तथा प्रोत्साहन गरिनेछ ।

**नीति : ५.९ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

५.९.१ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरीने छ ।

५.९.२ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।

५.९.३ सेवा प्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार वनाउदै सुचनामैत्री स्वास्थ्य संस्थाको विकास गरिनेछ ।

५.९.४ स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गरिनेछ ।

५.९.५ विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।

५.९.१० प्रमूख सार्वजनिक स्थलहरुमा स्वास्थ्य सन्देशहरु प्रवाह गरिनेछ ।

**नीति : ५.१० स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।**

५.१०.१ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रर्वधन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र पैरवी गरी स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

५.१०.२ संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई गाँउपालिकाको परिवेश अनुकुल बनाई कार्यान्वयन गरिनेछ ।

५.१०.३ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार (Incompatible food and drinks) सेवन र पत्रु खाना ( जंक फुड) को बिक्री, वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरीनेछ ।

५.१०.४ कुपोषित बालबालिकाहरुको पुनर्स्थापनाका लागि आवश्यकता असार पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ ।

५.१०.५ पोषण रणनिति लागु गरिनुका साथै पोषण मैत्री टोल घोषणा गर्दै लगिनेछ ।

५.१०.६ सुनौला हजार दिनका आमा शिशु तथा किशोरीहरुको उचित संरक्षण र विकासको लागि बहुक्षेत्रिय पोषण योजना (MSNP) को प्रभावकारी कार्यान्वयन गरिने छ ।

५.१०.७ दुग्ध जन्य, मासु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरिनेछ ।

**नीति : ५.११ आयूर्वेद तथा गाँउपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ ।**

५.११.१ आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीनेछ ।

५.११.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।

५.११.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

**नीति : ५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन, प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

५.१२.१ खुला दिशामुक्त गाँउपालिकालाइ पूर्णसरसफाई युक्त गाँउपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरीनेछ ।

५.१२.२ फोहोरमैला उचित तरीकाले बिसर्जन गर्न Public Private नीति तयार गरि निजि क्षेत्रलाई हस्तान्तरण गरि फोहोरमैलालाई उचित ब्यवस्थापनमा जोड दिईनेछ ।

५.१२.३ गाँउपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीने छ ।

५.१२.४ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।

५.१२.५ सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोरमैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरीनेछ ।

५.१२.६ किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ ।

५.१२.७ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ ।

५.१२.८ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरीनेछ ।

**नीति : ५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।**

५.१३.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाँउपालिका स्तरीय **स्वास्थ्य संकट तथा विपद पुर्वतयारी एवं प्रतिकार्य योजना** निर्माण गरी कार्यान्वयन गरीने छ ।

५.१३.२ कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्युनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचार तथा गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवम् उपकरण, स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र सेवा विस्तार, कोरोना परीक्षणको दायरा बढाउन, व्यवस्थित क्वारेन्टाइन केन्द्रहरुको स्थापना गर्न र नागरिकमा सिर्जना भएको त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

५.१३.३ गाँउपालिका तथा वडा स्तरिय स्वास्थ्यक्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।

५.१३.४ सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकार संगको सहकार्यमा गाँउपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Centre) स्थापना गरी वडादेखि गाँउपालिका तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरीनेछ ।

५.१३.५ सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि तथा सामाग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरीनेछ ।

५.१३.६ गाँउपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा सरकारसंगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (EMT) गठन गरी अन्य उद्धार टोलीसंग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।

५.१३.७ स्वास्थ्य आपतकालिन कोषको व्यवस्थापन गरिनेछ ।

**नीति : ५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ ।**

५.१४.१ प्राकृतिक विपत्ति, महामारी पिडीत र असहाय नागरिकहरुलाई आपतकालीन अवस्थामा औषधि उपचारमा सहयोग गर्नको लागि गाँउपालिका अध्यक्षको संयोजनमा एउटा “अध्यक्ष सहायता कोष” स्थापना गरिनेछ ।

५.१४.२ स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीनेछ ।

५.१४.३ पिछडिएको वर्ग, क्षेत्र र समुदाय विशेषगरी जेष्ठ नागरिक, गरिव, दलित अल्प संख्यक समुदाय, अपांग, किशारी, लैगिक हिंसामा परेकाहरका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

५.१४.४ लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ ।

५.१४.५ गाँउपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेष कार्यक्रम बनाई लागू गरीनेछ ।

**नीति : ५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

५.१५.१ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वियन गरिनेछ ।

५.१५.२ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरीनेछ ।

५.१५.३ सबै स्वास्थ्य संस्थामा सुरक्षित वर्थिङ्ग सेन्टर स्थापना गरी आवश्यक भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ ।

५.१५.४ बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।

५.१५.५ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।

५.१५.६ गाँउपालिकमा असल आमा प्रोत्साहन कार्यक्रम संचालन गरी निरन्तरता दिइने छ ।

५.१५.७ गाँउपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ ।

**नीति : ५.१६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।**

५.१६.१ गाँउपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरीने छ ।

५.१६.२ बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरीनेछ ।

**नीति : ५.१७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं समुदायमा विद्यमान अन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

५.१७.१ क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

५.१७.२ रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, हात्तिपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा बिस्तार गरिनेछ ।

**नीति : ५.१८ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रर्वद्धन गरिने छ ।**

५.१८.१ स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ ।

५.१८.२ मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापनका लागिEssesntial Non-Communicable (PEN) Disease Interventions Package लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरीनेछ ।

५.१८.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरीनेछ ।

५.१८.४ लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन, विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरीनेछ ।

## ८. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः संघिय सरकार बाट प्राप्त हुने ससर्त अनुदान, निःसर्त अनुदान , बिशेष क्षेत्र अनुदान र सहयोग, प्रदेश सरकार बाट प्राप्त अनुदान र सहयोग, दातृ निकाय बाट प्राप्त हुने अनुदान र सहयोग का साथै गाउँपालिकाको आफ्नो स्थानिय श्रोत यो नीति कार्यान्वयन को लागि प्रमुख आर्थिक स्रोत हुने छ। यस नीतिमा रहेका उद्बेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । हरेक बर्ष सिद्ध कुमाख गाउँपालिकाको बार्षिक कुल बजेटको न्यूनतम १० प्रतिसत रकम स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ र आगामी दिनमा यसलाई अझ बढाउँदै लगिने छ ।
यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मुल्यांकन गर्ने दायित्व सामाजिक विकास समिति, गाउँपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य शाखा र गाउँस्तरवाट गठन भएका संगठनात्मक संरचनाहरुको हुनेछ । यसको लागि सामाजिक विकास समिति, स्वास्थ्य तथा सरसफाई शाखा र गाउँस्तरवाट गठन भएका संगठनात्मक संरचनाहरुको क्षमता विकास गरिनेछ। वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन र अद्यावधिक गर्दै लगिनेछ ।

## १०. जोखिम

गाउँस्तरबाट प्रत्येक बर्षको लागि तय गरिने बजेट तथा कार्यक्रमको आय ब्ययको पूर्वानुमान नै सुदृढ र व्यवस्थित हुन सकेन भने नीति कार्यान्वयनमा असर पर्न सक्ने देखिन्छ । संघ, प्रदेश र अन्य दात्री निकायबाट प्राप्त बजेट तथा कार्यक्रमहरुलाइ यस स्वास्थ्य नीति संग एकीकृत गर्न सकिएन भने पनि यो नीति कार्यान्वयनमा प्रतिकुल प्रभाव पर्न सक्छ। गाउपालिका भित्र स्थापना गरिने संगठनात्मक संरचनाहरु प्रभावकारी रुपमा परिचालन हुन नसकेमा पनि यो नीति कार्यान्वयनमा बाधा पर्न सक्छ । यसका लागि गाउँ स्तरबाट अबलम्बन गरिने बार्षिक बजेट तथा कार्यक्रमहरु र

दातृ निकायका कार्यक्रमहरुलाइ सिद्ध कुमाख गाउपालिकाको नीति संग एकीकृत गर्दै बजेट बिनियोजन र कार्यान्वयनमा ध्यान दिन आबस्यक छ । त्यसै गरी संघिय सरकार र प्रादेशिक सरकारबाट समेत यो नीति कार्यावन्यनमा आबश्यक आर्थिक, भौतिक र प्राबिधिक सहयोग र समन्वय गर्नुपर्ने देखिन्छ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि सिद्ध कुमाख गाउँपालिकाले आवश्यक स्वास्थ्य ऐन, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति तथा रणनीतिहरु कार्यान्वयनको लागि आबस्यक योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. खारेजी

हाल सम्म यस सिद्ध कुमाख गाउँपालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने देखिन्छ ।

Technical support to develop health policy was provided by SSBH Salyan